Nepali

# रेडक्रस पारिवारिक तथा घरेलु हिंसा वित्तिय सहायता कार्यक्रम

the power of humanity







रेडक्रस पारिवारिक तथा घरेलु हिंसा वित्तिय सहायता कार्यक्रम हालमा सहायता र सेवाप्रदायकको सिफारिस खोजिरहेका व्यक्तिहरुको लागि खुला भएको छ ।

यो कार्यक्रम पारिवारिक र घरेलु हिंसा भोगिरहेका वा वित्तिय सहयताको आवश्यकता भएका अस्थाई प्रवेशाज्ञाहरुमा, वा अनिश्चित प्रवेशाज्ञा स्थितिमा रहेका सबैजनाको लागि उपलब्ध छ ।

## के यो कार्यक्रमले मलाई साहायता प्रदान गर्न सक्छ ?

यो कार्यक्रमले ति व्यक्तिहरुलाई साहायता प्रदान गर्न सक्छ जोः

- अष्ट्रेलियाली नागरिक वा स्थायी बासिन्दा होइनन्, र
- पारिवारिक तथा घरेलु हिंसा भोगिरहेका वा हिंसाको जोखिममा रहेका, र
- वित्तिय कठिनाई भोगिरहेका छन् ।

## मैले कस्तो किसिमको सहायता पाउन सक्छु ?

सहायता भित्र निम्न कुराहरु पर्न सक्छन्:

- वित्तिय सहायता
- अन्य संस्थाहरुमा सिफारिस
- केसवर्क सहायता (३ महिना सम्म)

## हामीले तपाईंलाई रकम भुक्तानी गर्नको लागि, तपाईंसँग निम्न कुराहरु मागिने छः

- प्रवेशाज्ञा स्थिति जनाउन तपाईंको राहदानी वा ईमीकार्ड नम्बर । यदि तपाईं अनिश्चित हुनुहुन्छ वा हालमा कुनैपनि प्रवेशाज्ञामा हुनुहुन्न भने पनि तपाईंले आवेदन दिन सक्नुहुन्छ र रेडक्रसले तपाईंको स्थितिका बारेमा कुराकानी गर्न तपाईंलाई फोन सम्पर्क गर्ने छ ।
- बैंक कागजातहरु जस्तै बैंकको स्टेटमेण्ट । यदि तपाईंको आफुँले सुरक्षित तरिकाले पहुँच गर्न सक्ने आफ्नो नामको बैंक खाता छैन भने पनि तपाईंले आवेदन दिन सक्नुहुन्छ ।

## के मेरो व्यक्तिगत जानकारीहरु सुरक्षित रहने छ ?

- रेडक्रसले तपाईंको ब्यक्तिगत वा प्रवेशाज्ञा स्थिति सम्बन्धि जानकारी सरकारलाई दिँदैन । तपाईंले रेडक्रससँग सम्पर्क गर्नुभएको कुरा गोप्य रहने छ । तपाईंले आवेदन मार्फत हामीलाई दिनुभएको जानकारी हामीले जुनसुकै समयमा सुरक्षित राख्छौं ।
- कृपया ईमेल मार्फत तपाईंको व्यक्तिगत जानकारी संग कुनैपनि कागजातहरु नपठाउनु होला ।

## मलाई आवेदन दिन सहयोग चाहिन्छ

- यदि तपाईंलाई दोभाषेको सहयोगको आवश्यकता छ भने, तपाईंले अनुवाद र दोभाषे सेवालाई १३१ ४५० मा सम्पर्क गर्न सक्नुहुन्छ र उनिहरुलाई आफ्नो रोजाईको भाषा बताएर १८०० ७३३ २७६ मा सम्पर्क गराइदिन भन्न सक्नुहुन्छ ।
- यदि तपाईंलाई आवेदन भर्न सहयोग चाहिन्छ र सहयोग गर्ने कोहि छैन भने रेडक्रसलाई १८०० ७३३ २७६ मा सम्पर्क गर्नुहोस् वा nat_fdv_pilot@redcross.org.au मा ईमेल गर्नुहोस् ।

थप जानकारीको लागि www.redcross.org.au/familyviolencerelief मा जानुहोस्